नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
सिलगढी
डोटी, नेपाल ।
०९४-४२०१३३, ०९४-४२०१५१
dao.doti68@gmail.com
daodoti.moha.gov.np
facebook.com/dotidao

प.सं. २०८२/०८३
चलानी नं.

## नागरिकता तथा प्रतिलिपि शाखा कोठा नं. १२

## नयाँ नागरिकताको लागि आवश्यक पर्ने कागजातः

### ➢ वशंज

१. वडाको सिफारिस सहित अनुसूची-१ फाराम।
२. बाबु र आमाको नागरिकता प्रमाणपत्र सक्कल र सोको प्रतिलिपि ।
३. पढेका व्यक्तिको हकमा अनिवार्य रुपमा बुबा वा आमाको नाम खुल्ने शैक्षिक प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि।
४. जन्मदर्ता प्रमाणपत्र सक्कल र सोको प्रतिलिपि।
५. विवाहित महिलाको हकमा थप कागजात माईतीको बुबा,आमा वा दाजुभाईको नागरिकताको प्रमाणपत्र,पतिको नागरिकताको प्रमाणपत्र र विबाह दर्ता प्रमाणपत्र सक्कल र सोको प्रतिलिपि ।
६. सनाखतको लागि बाबु वा आमा बाहेक आफ्नो वशंज तर्फ तीन पुस्ताभित्रको नातेदार आउँदा फोटो प्रमाणित सहितको नाता प्रमाणित र आमा वा बाबु उपस्थित हुन नसक्नुको मनासिव कारण खुल्ने किटानी सिफारिस ।
७. अनुसूची फाराममा र नागरिकता टाँस हुने (दुवै कान देखिने,२.५x३ से.मि.साईजको सेतो Background भएको हालसालै खिचिएको २ प्रति फोटो) । **सिफारिसमा प्रमाणित गरेको फोटो नै अनिवार्य** छ।
८. बसाँइसरी आएकाको हकमा बसाँइसराई प्रमाणपत्र।
९. निवेदकको जन्मदर्ताको विवरण र निजको बुबा/आमाको नागरिकता प्रमाणपत्र लगायतमा कुनै विवरण फरक परेमा नागरिकता प्रमाणपत्र नं. समेत खुलाई व्यहोरा स्पष्ट हुने वडाको सिफारिस।
१०. आमाको नामबाट नागरिकताको लागि जन्मदर्ता प्रमाणपत्र, आमाको नागरिकता प्रमाणपत्र, जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय तहले गरिदिएको सिफारिस, अनुसूची १ बमोजिमको सिफारिस र निजको जन्म भई नेपालमै बसोबास गर्दै आएको निजको बाबुको पहिचान नभएको खुल्ने गरी स्थानीय सिफारिस ।
११. पितृत्व वा मातृत्वको ठेगाना नभएको व्यक्तिलाई नागरिकता प्राप्तिको लागि स्थानीय निकायबाट सिफारिस भएको अनुसूची-१ अनुसारको फाराम, कुनै व्यक्ति विशेषले पालनपोषण गरेको भए

०९४-४२०१३३, ०९४-४२०१५१
dao.doti68@gmail.com
daodoti.moha.gov.np
facebook.com/dotidao

पालनपोषण गर्ने व्यक्तिबाट सबै व्यहोरा खुलाई सनाखत, पालनपोषण गर्नेको नागरिकता प्रमाणपत्र,बालमन्दिर वा यस्तै प्रकृतिका संस्थामा हुर्केको भए संस्था प्रमुखबाट सनाखत

१२. कर्मचारीको परिवारले नागरिकताको प्रमाणपत्र लिन अनुसूची -१ बमोजिमको ढाँचा २ प्रति निवेदन, आमा र बाबुको नागरिकताको प्रमाणपत्र , कार्यरत रहेको कार्यालयको प्रमुखबाट सिफारिस गरिएको पत्र , विवाहित महिलाको हकमा पतिको नागरिकता र विवाह दर्ता प्रमाण पत्र ।

## नागरिकता तथा प्रतिलिपि शाखा कोठा नं. १२

## प्रतिलिपि नागरिकताको लागि आवश्यक पर्ने कागजात

१. प्रतिलिपि अनुसूचि फाराम पुरानो नागरिकता प्रमाणपत्र वा सोको छाँयाप्रति र नागरिकतामा टाँसहुने फोटो(अनिवार्य रुपमा दुवै कान देखिने,२.५x३ से.मि.साईजको सेतो Background भएको हालसालै खिचिएको २ प्रति फोटो ) ।

२. पतिको नामथर कायम गर्नका लागि बुँदा नं.१ का अतिरिक्त थप कागजात विवाह दर्ता, वडाको किटानी सिफारिस,पतिको नागरिकताको सक्कल र प्रतिलिपि (सनाखत गर्न पति वा सासु/ससुरा वा एकाघरका व्यक्ति सक्कल नागरिकता उपस्थित हुनुपर्ने ) ।

३. पतिको नामथर हटाउनका लागि बुँदानं. १ का अतिरिक्त थप कागजात सम्बन्धविच्छेद सम्बन्धि अदालतको फैसला, सम्बन्धित वडाको सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्र, वडाको किटानी सिफारिस, सनाखत गर्न माईतीतर्फको नाता खुल्ने व्यक्तिको नागरिकताको सक्कल र प्रतिलिपि (सनाखत गर्न उपस्थित हुनुपर्ने) ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
सिलगढी
डोटी, नेपाल ।
०९४-४२०१३३, ०९४-४२०१५१
dao.doti68@gmail.com
daodoti.moha.gov.np
facebook.com/dotidao

प.सं. २०८२/०८३
चलानी नं.

# स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा कोठा नं. ०९

**स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखाबाट प्रदान हुने सेवाहरु:**

**नाबालक परिचयपत्रको लागि आवश्यक पर्ने कागजात:**

१. फोटो प्रमाणित सहितको वडा सिफारिस ।
२. बाबु र आमाको नागरिकता प्रमाणपत्र सक्कल र सोको प्रतिलिपि।
३. विवाहदर्ता (आमाको नागरिकता प्रमाणपत्रमा पतिको नाम उल्लेख नभएमा)।
४. बाबु रआमाको नाम खुल्ने शैक्षिक प्रमाणपत्रको सक्कल र सोको प्रतिलिपि।
५. जन्मदर्ता प्रमाणपत्र सक्कल र सोको प्रतिलिपि।
६. सनाखतका लागिआमा वा बाबु मध्ये एकजना अनिवार्य रुपमा आफ्नो सक्कल नागरिकता प्रमाणपत्र सहित आउनुपर्ने ।
७. सनाखतका लागि बुबा रआमा बाहेक एकाघरको(तीन पुस्ता भित्रको) नाता खुल्ने अन्य व्यक्ति आउनुपरेमा नाता प्रमाणित र कारण खुल्ने किटानी सिफारिस पत्र सहित आउनुपर्ने ।
८. नाबालक परिचयपत्रमा टाँस हुने फोटो (अनिवार्य रुपमा दुवै कान देखिने, २.५x३ से.मि.साईजको सेतो Background भएको हालसालै खिचिएको ६ प्रति फोटो)।सिफारिसमा प्रमाणित गरेको फोटो नै अनिवार्य छ ।

**दलित/आदिवासीजनजाति/खसआर्य/एउटै नामथर,जन्ममिति प्रमाणितका लागी आवश्यक कागजात**

- वडाको सिफारिस
- नागरिकता/जन्मदर्ता प्रमाणपत्रको सक्कल र सोको फोटोकपी
- रु.१० को टिकट टाँसेर निवेदन
- खस आर्य सिफारिसको हकमा निवेदक आर्थिक रुपमा विपन्न भएको र निजको थर खस आर्य समुदायभित्र सूचीकृत भएको स्पष्ट खुल्ने किटानी सिफारिस

**नागरिकता र शैक्षिक प्रमाणपत्रमा विवरण फरक परेको अवस्थामा निर्णय पर्चा खडा गर्नको लागि:**

- वडा कार्यालयको सिफारिस,
- विद्यालयको सिफारिस,
- शिक्षा विकास तथा समन्वय इकाईको सिफारिस,

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
सिलगढी
डोटी, नेपाल ।
०९४–४२०१३३, ०९४–४२०१५१
dao.doti68@gmail.com
daodoti.moha.gov.np
facebook.com/dotidao

प.सं. २०८२/०८३
चलानी नं.

- नागरिकता/जन्मदर्ता प्रमाणपत्र सक्कल र सोको फोटोकपी,
- फरक परेका शैक्षिक योग्यताका प्रमाणपत्रहरुको फोटोकपी,

## राष्ट्रिय परिचयपत्र शाखा कोठा नं. १४

## राष्ट्रिय परिचयपत्रको लागि आवश्यक पर्ने कागजात

- नेपाली नागरिकताको सक्कल प्रमाणपत्र,
- नागरिकतामा जन्ममिति नखुलेकाको हकमा जन्ममिति खुल्ने प्रमाण,
- नागरिकता प्रमाण पत्रमा उल्लेख भएको भन्दा फरक ठेगाना राख्न चाहेमा ठेगाना प्रमाणित गर्ने कागजात/ बसाई सराई प्रमाणपत्र,
- नागरिकतामा पति/पत्नी नखुलेको हकमा विवाह दर्ता प्रमाणपत्र वा पति पत्नी भएको प्रमाणित हुने कागज,
- पति वा पत्नीको मृत्यु भएको भए मृत्यु दर्ता प्रमाणपत्र,
- पति वा पत्नीको नाम नागरिकतामा एक अर्काको नाम फरक परेको भए एउटै व्यक्ति सिफारिस,
- विवरण पुष्टि गर्ने अन्य कागजातहरु,
- मिति २०८० जेष्ठ सम्म जिल्ला प्रशासन कार्यालय डोटीमा Enrollment गरेका कार्ड आइसकेकोले कार्ड प्राप्त गर्न स्वयं व्यक्तिले आफै आउनु पर्ने,
- राष्ट्रिय परिचयपत्रको विवरण सच्याउनका लागि सक्कलै कागजात सहित उपस्थित हुने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
सिलगढी
डोटी, नेपाल ।
०९४-४२०१३३, ०९४-४२०१११
dao.doti68@gmail.com
daodoti.moha.gov.np
facebook.com/dotidao

प.सं. २०८२/०८३
चलानी नं.

# राहदानी शाखा कोठा नं. १७

## राहदानीको लागि आवश्यक पर्ने कागजातः

### क) नयाँ राहदानी बनाउँदा

- सक्कल नागरिकता
- राष्ट्रिय परिचयपत्र
- रु.५००० तिरेको बैंक भौचर( १० वर्ष मुनिका नाबालकको हकमा रु २,५०० तिरेको बैंक भौचर)

### ख) राहदानी नवीकरण गर्दा

- पुरानो राहदानी सक्कल
- नागरिकता सक्कल
- राष्ट्रिय परिचयपत्र
- रु.५००० तिरेको बैंक भौचर

### ग) राहदानी हराएकोअवस्थामा

- रु. १०००० तिरेको बैंक भौचर

### घ) अन्य आवश्यक कुराहरु

- नागरिकता माईतीबाट बनाएको भए विवाह दर्ता प्रमाणपत्र
- नावालकको हकमा नावालक परिचयपत्र
- अभिभावकको नागरिकता सक्कल

राहदानी तयार भई जिल्ला प्रशासन कार्यालय पुगिसकेपछि तपाईको मोबाईलमा SMS आउने र SMS आईसकेपछि राहदानी लिन स्वयं आएमा सक्कल नागरिकता साथमा लिएर आउनु पर्ने छ ।

घरमै राहदानी बुझ्न चाहनु हुन्छ भने
कोठा नं १८ मा सम्पर्क गर्नु होला।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
सिलगढी
डोटी, नेपाल ।
०९४-४२०१३३, ०९४-४२०१५१
dao.doti68@gmail.com
daodoti.moha.gov.np
facebook.com/dotidao

प.सं. २०८२/०८३
चलानी नं.

# मुद्दा तथा ठाडो उजुरी शाखा कोठा नं. ०८

## संघ/संस्था दर्ताको लागिः

- सम्बन्धित गा.पा./न.पा. को वडाको सिफारिस
- आम भेलाको निर्णय
- तदर्थ समितिको निर्णय
- समितिका पदाधिकारीहरुको नागरिकता प्रमाणपत्र प्रतिलिपि
- रु. १००० को बैंक भौचर
- अनुसुची-१ बमोजिमको निवेदन
- संस्थाका पदाधिकारीहरुको चालचलन बुझेको पत्र
- संस्थाको विधान -३ प्रति

## संघ/संस्था नवीकरणको लागिः

- सम्बन्धित गा.पा./न.पा.को वडाको सिफारिस
- करचुक्ता प्रमाणपत्र(संस्था र अडिट गर्ने फर्मको समेत)
- अडिट रिपोर्ट
- गत आ.व.को प्रगति विवरण सहितको प्रतिवेदन
- आगामी आ.व.को कार्यक्रम
- संस्थाको निवेदन
- रु.५००को बैंक भौचर(वार्षिक)
- असोज मसान्त पछि जरिवाना लाग्ने।